# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत २ गते २०३२ साल

श्री ५ को सरकार

### गृह मन्त्रालयको

### सूचना

२०३३ साल वैशाख १ गतेदेखि ऐ. चैत्र मसान्ततक वर्ष १ मा देहायबमोजिम सार्वजनिक बिदा र अरू पर्व बिदाहरू दिने श्री ५ को सरकारले निर्णय गरेको छः–

१. विभिन्न कार्यालय, अड्डाखाना तथा विद्यालयहरूलाई हरेक शनिवार दिन बाउन्न– ५२

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वैशाख | ५, | १२, | १९, | २६ | | गते दिन चार– | ४ |
| जेठ | २, | ९, | १६, | २३, | ३० | गते दिन पाँच– | ५ |
| आषाढ | ६, | १३, | २०, | २७ | | गते दिन चार– | ४ |
| श्रावण | २, | ९, | १६, | २३, | ३० | गते दिन पाँच– | ५ |
| भाद्र | ५, | १२, | १९, | २६ | | गते दिन चार– | ४ |
| आश्विन | २, | ९, | १६, | २३, | ३० | गते दिन पाँच– | ५ |
| कार्तिक | ७, | १४, | २१, | २८ | | गते दिन चार– | ४ |
| मार्ग | ५, | १२, | १९, | २६ | | गते दिन चार– | ४ |
| पौष | ४, | ११, | १८, | २५ | | गते दिन चार– | ४ |
| माघ | २, | ९, | १६, | २३ | | गते दिन चार– | ४ |
| फागुन | १, | ८, | १५, | २२, | २९ | गते दिन पाँच– | ५ |
| चैत्र | ६, | १३, | २०, | २७ | | गते दिन चार– | ४ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

629

२. संस्कृत शिक्षण संस्थाका शिक्षक तथा छात्र–छात्राहरूको निमित्त प्रतिपदा र अष्टमी समेत दिन पचास– ५०

प्रतिपदाः–

बैशाख ३, १८ गते। जेष्ठ १, १७, ३१ गते। आषाढ १५, २९ गते। श्रावण १३, २६ गते। भाद्र १०, २४ गते। आश्विन ८, २३ गते। कार्तिक ८, २२ गते। मार्ग ७, २२ गते। पौष ७, २३ गते। माघ ७, २३ गते फागुन ८, २३ गते। चैत्र ७, २३ गते।

अष्टमीः–

बैशाख ९, २५, गते। जेष्ठ ८, २३ गते। आषाढ ७, २२ गते। श्रावण ४, १९ गते। भाद्र २, १६, ३१ गते। आश्विन १५, ३० गते। कार्तिक १४, ३० गते। मार्ग १४, २९ गते। पौष १४, ३० गते। माघ १४, २९ गते। फागुन १५, ३० गते। चैत्र १५, २९ गते।

३. अरू पर्वबिदाहरूः–

(क) नववर्षः– बैशाख १ गते मंगलबार दिन एक– – – १

(ख) सूर्यग्रहणः–बैशाख कृष्ण अमावास्य बैशाख १७ गते वृहस्पतिबार दिन एक– १

(ग) गुरु पूर्णिमाः– आषाढ २८ गते आदित्यबार संस्कृततर्फका शिक्षक तथा छात्र-छात्राहरूलाई दिन एक– – – – – – १

(घ) ऋषि तर्पणी (रक्षा बन्धन):– श्रावण २५ गते सोमबारको दिन एक– १

(ङ) वसन्त पञ्चमीः– माघ ११ गते सोमबार दिन एक– – –

(च) महाशिवरात्रीः– फागुन ५ गते बुधबार दिन एक– – –

(छ) फागु पूर्णिमा (होली):– फागुन २२ गते शनिबार परेकोले बिदा नहुने कार्यालयहरूलाई दिन एक– – – – – – १

(ज) चैत्र शुक्ल अष्टमी चैत्र दशैंः– चैत्र १५ गते सोमबार दिन एक– – १

(झ) रामनवमीः– चैत्र १६ गते मंगलबार दिन एक– – – १

४. जात्रा बिदाहरू उपत्यकालाई मात्रः–

(क) गाईजात्राः– श्रावण २६ गते मंगलबार दिन एक– – – १

(ख) इन्द्रजात्राः– भाद्र २२ गते मंगलबार दिन एक– – – १

(ग) घोडेजात्राः– चैत्र ६ गते शनिबार परेकोले बिदा नहुने कार्यालयहरूलाई दिन एक– – – – – – १

(घ) मछिन्द्रनाथको भोटो देखाउने दिन एक– – – १

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६२२

५. महिला कर्मचारी, शिक्षिका तथा छात्राहरूको लागि मात्र हुनेः–

(क) हरितालिका (तीज):– भाद्र १२ गते शनिबार परेकोले बिदा नहुने कार्यालयहरूलाई दिन एक– – – – – – १

(ख) ऋषिपञ्चमीः– भाद्र १३ गते आदित्यबार दिन एक– – १

(ग) नारी दिवसः– ८ मार्च १९७७ तदनुसार फागुन २५ गते मंगलबार दिन आधा– – – – – – ½

६. दशैं बिदाः–

(क) घटस्थापनाः– स्कूल, पाठशाला, कलेज, महाविद्यालयहरू समेतलाई घटस्थापना आश्विन ८ गते शुक्रबारदेखि ऐ.२१ गते वृहस्पतिबार कोजाग्रत पूर्णिमासम्म दिन चौध– – – – – – – १४

(ख) श्री ५ को सरकारको मन्त्रालय, विभाग, अड्डा, अदालत न्यायिक समिति तथा कार्यालयहरू समेतलाई आश्विन ८ गते शुक्रबार घटस्थापना दिन एक – १ त्यसपछि आश्विन १४ गते वृहस्पतिबार फूलपातीदेखि ऐ. २१ गते वृहस्पतिबार कोजाग्रत पूर्णिमासम्म दिन आठ – – – – ८

७. तिहार बिदाः–

(ग) लक्ष्मीपूजाः– कार्तिक ६ गते शुक्रबार दिन एक – – – १

(घ) गो. पूजा (गाईपूजा):– कार्तिक ७ गते शनिबार बिदा नहुने कार्यालयहरूलाई दिन एक – – – – – – १

(ङ) गोबर्धनपूजा र भातृपूजाः– कार्तिक ८ गते आदित्यबार दिन एक – – १

८. दिवस बिदाः–

(क) संयुक्त राष्ट्र दिवसः– २४ अक्टोबर १९७६ तदनुसार कार्तिक ८ गते आदित्यबार भाइटीकाको बिदा परेकोले आधा बिदा भनिरहन नपर्ने।

(ख) नेपाल शहीद दिवसः– माघ १६ शनिबार बिदा नहुने कार्यालयहरूलाई दिन आधा – – – – – – – – – ½

(ग) बाल–दिवस मनाउनः– नेपाल अधिराज्यभरका प्राथमिक तहका माध्यमिक विद्यालयहरूलाई भाद्र ४ गते शुक्रबार दिन एक – – – १

९. श्री ५ महाराजाधिराज सरकारको औपचारिक स्वदेश वा विदेश भ्रमणमा बाहिर सवारी होइबक्सँदा र राजधानी फिर्ती सवारी होइबक्सँदा उपत्यकाभित्रका कार्यालयहरूलाई वक्त बिदा हुने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७९९

१०. शुभ–जन्मोत्सवः–

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ–जन्मोत्सवः– अधिराज्यभर र अधिराज्यबाहिर पौष १४ गते मंगलबार (१९७६ डिसेम्बर २८ तारिख) का दिन एक– – – – – – १

(ख) श्री ५ बडामहारानी सरकारको शुभ–जन्मोत्सवः– अधिराज्यभर र अधिराज्यबाहिर कार्तिक २२ गते आदित्यबार (१९७६ नवेम्बर ७ तारिख) का दिन महिला कर्मचारी, शिक्षिका तथा छात्राहरूलाई मात्र दिन एक– – – – – – १

११. जन्म जयन्तीहरूः–

(क) गौतम बुद्ध जयन्तीः– बैशाख ३१ गते बृहस्पतिबार दिन एक– – १

(ख) कृष्ण जयन्तीः– भाद्र १ गते मंगलबार दिन एक– – – १

(ग) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा प्रजातन्त्र दिवसः– फागुन ७ गते शुक्रबार दिन एक– – – – – – १

(घ) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको शुभ जयन्तीः– पौष २७ गते सोमबार दिन एक– – – – – १

(ङ) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसः– पौष १ गते बुधवार दिन एक– – – – – – – – १

१२. अंग्रेजी शिक्षण संस्था भाषा प्रारम्भिक तथा प्राथमिक स्कूलहरूलाई हरेक शुक्रबार र संस्कृत शिक्षण संस्थाहरूको निमित्त हरेक पूर्णिमा र अमावास्यको दिनको १ बजे बिदा छाड्ने।

१३. हाजिर हुने र छुट्ने समयः–

(क) सबै किसिमका शिक्षण संस्थामा साबिक बमोजिम जो चलेको छ सोही बमोजिम हाजिर हुने र छुट्ने समय कायम गर्ने।

(ख) मन्त्रालय तथा कार्यालयहरूको हकमा मार्ग, पौष र माघ ३ महीना विहान १० बजे हाजिर भै बेलुका ४ बजे छुट्ने बाँकी ९ महीना १० बजे हाजिर भै बेलुका ५ बजे छुट्ने।

१४. निम्नलिखित उत्सव समारोहमा उपस्थितिको निमित्त तोकिएको दिन, ठाउँ र समय सूचना भएबमोजिम गर्ने।

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ–जन्मोत्सवमा उपस्थित हुने।

(ख) श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट टीका थाप्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२४

(ग) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसमा उपस्थित हुने ।

(घ) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा प्रजातन्त्र दिवसमा उपस्थित हुने ।

(ङ) श्री ५ पृथ्वी जयन्तीमा उपस्थित हुने ।

(च) श्री ५ महाराजाधिराज सरकारबाट वसन्त श्रवण गरिक्बसने दिन ।

(छ) बडादशैं फूलपातीको दिन उपस्थित हुने ।

(ज) घोडेजात्राको तमासामा उपस्थित हुने ।

(झ) महाशिवरात्रिको बढाईंमा उपस्थित हुने ।

१५. माथि लेखिए बमोजिम बिदा पाउनेमा रोजनामा काम हुने मन्त्रालय तथा कार्यालयहरू जस्तै—अस्पताल, रोपवे, तार टेलिफोन, प्रहरी थाना, चौकी, फाएर बृगेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकारको छापाखाना, आकाशवाणी र हुलाक समेतको कामकाज रोक्न नहुने कार्यालयहरूको निमित्त सरकारी कामकाज रोक्न नपाउने गरी प्रचलित कानून बमोजिम रीत पुऱ्याई मात्र बस्न पाइनेछ।

टिप्पणी:—

आधा दिन भन्नाले मार्ग, पौष र माघ ३ (तीन) महीनाको निमित्त दिनको १ बजे र बाँकी ९ (नौ) महीनाको लागि दिनको १॥ बजे भन्ने सम्झनुपर्छ ।

आज्ञाले—
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
०२५